# नवदुर्गा राजपत्र

## नवदुर्गा गाउँपालिकाद्वारा प्रकाशित

**खण्ड ९ संख्या ९ मिति २०८२ श्रावण २ गते**

## भाग १

## नवदुर्गा गाउँपालिकाको सूचना

सुदूरपश्चिम प्रदेशको स्थानीय तहको कानुन निर्माण प्रक्रिया ऐन, २०७५ को दफा २४ को उपदफा (५) बमोजिम बमोजिम सर्वसाधारण जनताको जानकारीका लागि यो ऐन प्रकाशन गरिएको छ;

संवत् २०८२ को ऐन नं ९

**<u>मदिरा नियन्त्रण तथा व्यवस्थापन ऐन, २०८२</u>**

**<u>प्रस्तावनाः</u>** सर्वसाधारण जनताको सदाचार, स्वास्थ्य, सुविधा, आर्थिक हित तथा अपराधिक घटनाहरुलाई नियन्त्रण गर्नको

लागि मदिराको उत्पादन, विक्रि वितरण र निकासी पैठारी समेतमा नियन्त्रण तथा व्यवस्थापनका लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ उपदफा (२) खण्ड (ञ) तथा उपदफा (४) खण्ड (ख) (१३) को अधिकारको कार्यान्वयन गर्न आवश्यक कानुनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२६ बमोजिम नवदुर्गा गाउँ सभाले यो ऐन बनाएको छ।

१. <u>**संक्षिप्त नाम र प्रारम्भः**</u> (१) यस ऐन को नाम **"मदिरा नियन्त्रण तथा व्यवस्थापन ऐन २०८२"** रहेकोछ।

(२) यो ऐन गाउँपालिका भर लागु हुनेछ।

(३) यो ऐन २०८२ श्रावण १ गते देखि प्रारम्भ हुनेछ।

२. <u>**परिभाषाः**</u> विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐन,

(क) "मदिरा" भन्नाले अन्न, फलफूल वा अन्य कुनै स्टार्चयुक्त वस्तुलाई जीव रासायनिक प्रक्रियाद्वारा कुहाई वा अन्य कुनै तरीकाबाट तयार पारिएको अल्कोहलयुक्त पदार्थ सम्झनु पर्छ र सो शब्दले रक्सी, जाँड,

छ्याङ, व्हिस्की, रम, जीन, ब्राण्डी, भोड्का, बियर, वाइन, सेरी, सेम्पेन, साइडर, पेरी, मिड, माल्टन,औद्योगिक अल्कोहल, रेक्टिफाइड स्प्रिट, माल्ट स्प्रिट, साइलेण्ट स्प्रिट, डिनेचर्ड स्प्रिट र हेड्स स्प्रिट समेतलाई जनाउँछ।

(ख) "उत्पादन" भन्नाले मदिरा तयार गर्नका लागि आवश्यक पदार्थ कुहाउने, तताउने,पकाउने वा त्यस्तो पदार्थमा बास्ना वा स्वाद आउने गरी कुनै कुराको सम्मिश्रण गर्ने वा मदिरा तयार गर्नको लागि अपनाइने सबै वा कुनै विधि वा कार्य सम्झनु पर्छ।

(ग) "अनुमतिपत्र" भन्नाले प्रचलीत कानून बमोजिममदिरा उत्पादन, विक्रि वितरण निकासी वापैठारी गर्न दिइएको अनुमतिपत्र सम्झनु पर्छ।

(घ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेका नियममा तोकिएको वा तोकिएबमोजिम सम्झनु पर्छ।

(ङ) "गाउँपालिका" भन्नाले नवदुर्गा गाउँपालिकालाई सम्झनु पर्छ।

(च) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले नवदुर्गा गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ।

(छ) "सार्वजनिक स्थान" भन्नाले धारा, चौतारा, कुवा, पोखरी, शैक्षिक संस्था, कलकारखाना, सवारी साधन, सभा सम्मेलन, मठ मन्दिर, रंगशाला, सरकारी तथा गैर सरकारी कार्यालयहरु, शवदाह स्थल सम्झनु पर्छ।

## परिच्छेद २

## दर्ता तथा इजाजत सम्बन्धी व्यवस्था

३. **व्यवसाय दर्ता गर्नुपर्नेः** (१) प्रचलित कानुन बमोजिम इजाजत प्राप्त गरी मदिराको व्यवसाय गर्न चाहने

व्यवसायीले आफ्नो व्यवसाय गाउँपालिकामा अनिवार्य दर्ता गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम ब्यवसाय दर्ता गर्दा देहायका कागजात अनिवार्य पेश गर्नु पर्नेछ।

(क) व्यवसायीक फर्म दर्ता प्रमाण पत्रको प्रतिलिपी

(ख) इजाजत पत्रको नविकरण गरिएको प्रतिलिपि

(ग) व्यवसाय गर्न चाहेको स्थान र उक्त स्थानको जग्गाधनी पुर्जाको प्रतिलिपि

(घ) नेपाली नागरिकताको प्रमाण-पत्र

(३) यस दफा बमोजिम व्यवसाय दर्ता गर्दा स्थानीय आर्थिक ऐनले तोकेको दर्ता शुल्क र बार्षिक व्यवसाय कर दाखिला गर्नु पर्नेछ।

(४) उपदफा (२) को खण्ड (ग) मा उल्लेखित व्यवसाय गर्न चाहेको स्थान प्रचलित कानुन तथा गाउँपालिकाले मदिरा व्यवसाय गर्नका लागि प्रतिवन्ध गरेको स्थानमा र उपदफा (३) बमोजिम कर दाखिला नगर्ने व्यवसायीको व्यवसाय दर्ता गर्न गाउँपालिका बाध्य हुने छैन।

(५) यस दफा बमोजिम गरिने व्यसाय दर्ता सम्बन्धी व्यवस्था यस गाउँपालिकाको **स्थानीय उद्योग तथा व्यवसायीक फर्म दर्ता तथा नियमन ऐन, २०८२** बमोजिम हुनेछ।

४. **इजाजत लिएको हुनु पर्नेः** दफा ३ बमोजिम व्यवसाय गर्न चाहने व्यवसायीले प्रचलित कानुन बमोजिम इजाजत पत्र लिई अध्यवधिक गरेको हुनु पर्नेछ।

## परिच्छेद ४

## नियन्त्रण तथा व्यवस्थापन

५. **इजाजतपत्रका शर्तहरु पालना गर्नु पर्नेः** यस ऐन बमोजिम व्यवसाय सञ्चालन गर्न देहायका शर्तहरु अनिवार्य पालना गर्नु पर्नेछ;

(क) इजाजतपत्र प्रत्येक आर्थिक वर्षको असार महिनाभित्र नवीकरण गराइसक्नु पर्ने,

(ख) इजाजतपत्र सबैले देख्ने गरी कारोबार स्थलमा राख्नु पर्ने,

(ग) डिपार्टमेण्टल स्टोरले मदिराजन्य पदार्थ, विक्रि गर्ने प्रयोजनको लागि अलग्गै विक्रि कक्षको व्यवस्था गर्नु पर्ने,

(घ) दिउसो ५:०० बजेदेखि राती १०:०० बजेसम्म मात्र मदिरा विक्रि वितरण गर्नु पर्ने,

(ङ) अठार वर्ष उमेर नपुगेको व्यक्ति र मदिराले मातेका व्यक्तिलाई मदिरा विक्रि वितरण गर्न नपाइने,

(च) गर्भवती महिलालाई मदिरा खरिद विक्रि गर्न, गराउन नपाईने,

(छ) मदिरा खरिद विक्रि गर्नेले मदिरा खरिद बिक्रि गरेको बीजक राखु पर्ने, र

(ज) इजाजत पत्रवालाले प्रत्येक बोतलमा अन्तःशुल्क टिकट टाँसेको मदिरा मात्र विक्रि गर्नु पर्ने।

६. **<u>मदिरा उपभोक्ताहरुले पालना गर्नु पर्ने शर्तहरुः</u>** मदिरा उपभोक्ताहरुले देहायका शर्तहरु पालना गर्नु पर्नेछ;

(क) मदिरा उपभोग गर्ने व्यक्ति १८ वर्ष पुरा गरेको हुनु पर्ने,

(ख) साझ ५:०० वजे देखी साझ १०:०० वजेसम्म



नवदुर्गा गाउँपालिका

गाउँपालिकाले तोकेको स्थान र परिमाणमा मात्र मदिरा उपभोग गर्नुपर्ने,

(ग) मदिरा उपभोगकर्ताले मदिरा खरीद तथा पैठारी गर्दा अनिवार्य रुपमा व्यक्तिगत विवरण पेश गर्नु पर्ने,

(घ) मदिरा उपभोग गरी सार्वजनिक स्थानमा होहल्ला तथा शान्ति सुरक्षामा वाधा अवरोध गर्न र अमर्यादित तरिकाले घुमफिर गर्न नपाइने,

(ङ) मदिरा सेवन गरी परिवारका सदस्यहरु तथा अन्य व्यक्तिलाई दुःख दिने, अर्काको भावनामा चोट पुर्याउने काम गर्न नहुने,

(च) मदिरा उपभोग कर्ताले दैनिक १८० मिलिलिटर सम्म मात्र मदिरा विक्रि वितरण गर्ने पसलबाट खरीद उपभोग गर्न पाउने, र

(छ) मदिरा उपभोग कर्ताले आफूले उपभोग गरेको सिसाको वोतलहरु जथाभावी फ्याक्न नपाइने।

७. **मदिरा उत्पादन गर्न नपाउने:** कुनै व्यक्तिले इजाजतपत्र बेगर र इजाजतपत्र पाएकोले पनि इजाजतपत्रमा तोकिएको शर्त बमोजिम बाहेक मदिरा विक्रि, वितरण गर्न वा मदिरा खुवाउने बार, रेष्टुरेण्ट वा पसल थाप्न पाउने छैन।

८. **मदिरा बेच्न तथा खुवाउन नियन्त्रण:** (१) गाउँपालिकाले मदिराको विक्रि वितरणमा नियन्त्रण गरी व्यवस्थित गर्न सक्नेछ।

(२) इजाजत प्राप्त होटेल तथा रेष्टुरेन्ट व्यवसायी बाहेक मदिराको कारोबार गर्ने इजाजत प्राप्त व्यवसायीले मदिरा र सूर्तिजन्य पदार्थको मात्र कारोबार गर्नु पर्नेछ।

(४) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि डिपार्टमेन्टल स्टोरले मदिरा र सूर्तिजन्य पदार्थको कारोबार अलग्गै विक्रि कक्ष राखी गर्नु पर्नेछ।

## परिच्छेद ५

## प्रशासनिक दण्ड जरिवाना

९. **जरिवाना हुने:** (१) यस ऐन विपरित हुने कार्य गरेमा देहायबमोजिम जरिवाना गरिनेछ;

(क) कुनै व्यक्तिले दफा ३ र ४ विपरित हुने गरी कार्य गरेमा गाउँपालिकाले रु दश हजार देखि पचाँस हजार सम्म जरिवाना र सामान जफत गरी दर्ता तथा इजातल लिई कारोबार गर्न आदेश दिन सक्ने,

(ख) दफा ५ र ८ विपरित कार्य गरेमा पटकै पिच्छे रु दश हजारका दरले जरिवाना गरिने,

(ग) दफा ५ विपरित कार्य गरेमा पटकै पिच्छे रु पाँच हजारका दरले जरिवाना गरिने, र

(घ) दफा ७ बिपरित कार्य गरेमा पटकै पिच्छे रु बीस हजारका दरले जरिवाना गरिने।

नवदुर्गा गाउँपालिका

(ङ) यस ऐन बिपरित मदिरा सेवन गर्ने व्यक्तिलाई रु एक हजार र पटकै पिच्छे रु दुई हजारका दरले जरिवाना।

(२) कुनै सार्वजनिक पद धारण गरेको व्यक्तिले उपदफा (१) बमोजिमको कार्य गरेमा थप १० प्रतिसत जरिवाना गरिनेछ।

१०. **खानतलासी, कब्जा र विक्रि गर्न सक्नेः** गाउँपालिकाले यस ऐन विपरित कुनै ठाउँमा कुनै कार्य भइरहेको जानकारी प्राप्त गरेमा उक्त ठाउँको खानतलासी, गैरकानुनी रुपमा राखिएको सामान कब्जा र उक्त सामान नष्ट वा बेचविखन गर्न सक्नेछ।

११. **इजाजत रद्दका लागि सिफारिस गर्न सक्नेः** कुनै व्यक्तिले इजाजत पत्र लिएको भएता पनि सोहि इजाजत पत्रका शर्तहरु र यस ऐन विपरित हुने गरी कार्य गरेमा सम्बन्धित व्यक्तिको इजाजत पत्र खारेजीका लागि सम्बन्धित निकायलाई पत्राचार गर्नेछ।

१२. **उजुरी गर्नेः** (१) कसैले यस ऐनको उलंघन हुने गरी कार्य गरेमा गाउँपालिकाको न्यायिक समिति समक्ष उजुरी दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिमका उजुरीहरुको शुरु कारबाही र किनारा गर्ने अधिकार स्थानीय न्यायिक समितिलाई हुनेछ।

१३. **<u>पुनरावेदनः</u>** यस ऐन बमोजिम स्थानीय न्यायिक समितिले गरेको निर्णय उपर जिल्ला अदालत समक्ष पुनरावेदन लाग्नेछ।

## परिच्छेद ६

## <u>बिबिध</u>

१४. **<u>विक्रि वितरण गर्ने क्षेत्र तोक्न सक्नेः</u>** (१) गाउँ कार्यपालिकाले यस ऐन बमोजिम मदिराको विक्रि वितरण गर्न सकिने क्षेत्रहरु तोक्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको क्षेत्र तोक्दा देहायका क्षेत्रभन्दा बाहिर मात्र तोक्न सकिनेछ।

(क) विद्यालय, क्याम्पस, बाल विकास केन्द्र लगायतका शैक्षिक संस्थाको १०० मिटर भित्र,

(ख) अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी तथा मातृशिशु केन्द्रको १०० मिटरभित्र,

(ग) सार्वजनिक सेवा प्रदायक कार्यालयको १०० मिटरभित्र, र

(घ) गाउँपालिकाले तोकेका अन्य क्षेत्र।

१५. **<u>बिशेष परिस्थितिमा पूर्ण प्रतिवन्ध गर्न सक्नेः</u>** गाउँपालिकाले सार्वजनिक शान्ति सुरक्षालाई मध्यनजर गरी बिशेष परिस्थितिमा सार्वजनिक सूचना गरी निश्चित समयका लागि मदिरा विक्रि वितरणमा पूर्ण प्रतिवन्ध लगाउन सक्नेछ।

***<u>स्पष्टिकरणः</u>*** *यस दफाको प्रयोजनका लागि बिशेष परिस्थिति भन्नाले कुनै बिशेष मेला तथा जात्राको समय वा निर्वाचनको मौन अवधी वा विपद्को समयलाई जनाउनेछ।*

१६. **<u>पुरस्कारः</u>** कसैले यस ऐन विपरीत मदिरा उत्पादन, सञ्चय, विक्रि वितरण, ओसार पसार, निकासी वा पैठारी गर्न लागेको वा गरेको सुराक दिने वा सबुत प्रमाण सहित मानिस पक्रि पेश गर्ने व्यक्तिलाई सो कार्य भए गरेको प्रमाणित हुन आएमा देहाय बमोजिमको रकम पुरस्कार स्वरुप दिइनेछः

(क) सुराक दिने व्यक्तिलाई बिगोको दश प्रतिशत,

(ख) मदिरा वा व्यक्ति पक्रि पेश गर्ने व्यक्तिलाई बिगोको पन्ध्र प्रतिशत, मदिरा।

(ग) व्यक्ति र मदिरा दुवै पक्रि पेश गर्ने व्यक्तिलाई बिगोको वीस प्रतिशत।

(२) उपदफा (१) बमोजिम पुरस्कार दिने प्रयोजनको लागि मदिरा र सोसँग सम्बन्धित जफत भएको सामान लिलाम भएको अवस्थामा लिलामबाट प्राप्त रकमलाई बिगो मानिनेछ।

(३) कुनै कारणले जफत भएको मदिरा वा सामान लिलाम हुन नसकेमा वा लिलाम नहुने भएमा गाउँपालिकाले त्यस्तो सुराक दिने वा सबुत प्रमाण सहित मानिस पक्री पेश गर्ने व्यक्तिलाई उचित ठहर्याएको रकम पुरस्कार स्वरुप दिन सक्नेछ।

(४) यस दफा बमोजिम पुरस्कार पाउने व्यक्ति एक जनाभन्दा बढी भएमा पुरस्कारको रकम दामासाहीले वितरण गरिनेछ।

(५) सुराक दिने व्यक्तिले आफ्नो नाम र ठेगाना गोप्य राख्न चाहेमा गोपनियता कायम गरिनेछ।

(६) सुराकी दिने व्यक्तिले गलत नियतले अर्कालाई दु:ख दिने हैरानी गर्ने वा बेइज्जती गर्ने किसिमले सुचना दिने गर्नु गराउनु हुंदैन।

१७. **<u>सहयोग गर्नुपर्ने</u>:** यस ऐनको कार्यान्वयनको लागि गाउँपालिकाले मागेको सहयोग उपलव्ध गराउनु

स्थानीय प्रशासन, सरोकारवाला तथा अन्य निकायको कर्तव्य हुनेछ।

१८. **नियम बनाउन सक्नेः** यस ऐनको कार्यान्वयन गराउन गाउँपालिकाले नियम वनाउन सक्नेछ।

१९. **निर्देशिका तथा कार्यविधि बनाउन सक्नेः** यस ऐनको कार्यान्वयनको लागि गाउँपालिकाले मदिरा व्यवस्थापन तथा नियन्त्रणका लागि निर्देशिका, कार्यविधि तथा मापदण्ड बनाई गाउँ कार्यपालिकावाट स्वीकृत गरी लागु गर्न सक्नेछ।

२०. **वाधा अडकाउ हटाउने अधिकारः** यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कुनै वाधा अडकाउ परेमा गाउँ कार्यपालिकाले त्यस्तो वाधा अडकाउ हटाउन आदेश जारी गर्न सक्नेछ, त्यस्तो आदेश यसै ऐनमा परे सरह हुनेछ।

**आज्ञाले**
हर्ष बहादुर रोका
प्रमुख प्रशासकीय अधिकृत

नवदुर्गा गाउँपालिका